मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन ११ गते मंगलवार (Tuesday, February 23. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

**सूचना**

संघीयताको महत्वपूर्ण सार :
मानव बेचबिखन अन्त्यका लागि
जिम्मेवार र सहकार्यसहित
गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# नेकपा प्रचण्ड–नेपाल समूह झापाको अध्यक्षमा वेदराज





**वेदराज रेग्मी**
**अध्यक्ष**

**मणिकुमार साम्पाङ**
**सचिव**

**झापा, फागुन १०।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल–नेपाल समूह झापाको अध्यक्षमा बेदराज रेग्मी चयन भएका छन् ।

नेकपाका जिल्ला अध्यक्ष चिन्तन पाठक ओली समूहमा गएपछि नयाँ अध्यक्ष चयन गरिएको हो । उनी नेकपाका प्रदेश कमिटी सदस्य थिए ।

यता नेकपा झापाको सचिवमा भने तत्कालीन माओवादीका नेता मणिकुमार साम्पाङ 'विजय' चयन भएका छन् । नेकपाको प्रचण्ड–नेपाल समूहले ६८ जिल्लाको नेतृत्व चयन गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेसँगै विभाजित भएको नेकपा प्रचण्ड–नेपाल समूहले भागवण्डाका आधारमा ६८ जिल्लाका अध्यक्ष र सचिव चयन गरेको हो । बाँकी नौ जिल्लामा पनि छिट्टै नेतृत्व चयन गरिने प्रचण्ड–नेपाल समूहले जनाएको छ ।

६८ जिल्ला अध्यक्ष र सचिव चयन गरे पनि जिल्ला इञ्चार्ज र सहइञ्चार्ज भने तोक्न बाँकी छ । यसअघि प्रचण्ड–नेपाल समूहले पार्टी संगठनभित्र ५०–५० प्रतिशतको अनुपातमा भागवण्डा गर्ने गरी नौ बुँदे मापदण्ड सार्वजनिक गरेको थियो ।

उता ताप्लेजुङमा अध्यक्षमा विजय वनेम, सचिवमा बलबहादुर साम्सोहाङ रहेका छन् । त्यस्तै पाँचथरमा अध्यक्ष कमल जवेगू, सचिवमा होमप्रसाद जवेगू छन् । इलाममा अध्यक्षमा भक्त केशी र सचिवमा सोममाया राई रहेकी छिन् । सुनसरीमा भने अध्यक्ष योगेन्द्र मण्डल र सचिवमा रमेश बस्नेत छन् । त्यस्तै धनकुटामा अध्यक्षमा दुर्गा लिखा र सचिवमा ऋषिराम ढुङ्गाना छन् ।

## जिल्ला नेतृत्व बारेको मतभेद 'परिमार्जन'

**काठमाडौं, फागुन १०।** नेपाल कम्युनिस्ट पार्टीको प्रचण्ड–माधव नेपाल पक्षले सोमवार सार्वजनिक गरेको ६८ वटा जिल्लाको नेतृत्वको सूचीबारे 'विवाद उत्पन्न' भएपछि त्यसलाई मिलाउन छलफल अघि बढाइएको नेताहरूले बताएका छन् ।

सोमवार अपरान्ह अध्यक्षद्वयको हस्ताक्षरमा सातवटै प्रदेशका विभिन्न जिल्लाका अध्यक्ष र सचिव चयन गरी जिम्मेवारी दिइएको सूची विभिन्न सञ्चारमाध्यममा सार्वजनिक भएको थियो ।

उक्त सूचनामा माघ १ र २ गते बसेको स्थायी समितिको बैठकले केन्द्रीय सचिवालयलाई अधिकार प्रत्यायोजन गरे अनुसार नियुक्ति गरिएको उल्लेख गरिएको छ ।

तर विगतमा नेकपाको पूर्वमाओवादी पक्षमा रहेका उक्त समूहका एक जना कार्यालय सचिवले उक्त सूची अन्तिम नभएको र त्यसमा परिमार्जनको काम भइरहेको बताए ।

**किन सूची परिमार्जन गर्नुपर्‍यो ?**

६८ जिल्लामा नेतृत्व चयन गरिएको जानकारी

(बाँकी अन्तिम पृष्ठमा)

## सबै स्थानीय सरकारलाई स्वच्छ खानेपानीका लागि प्रेरित गर्ने

**काठमाडौँ, फागुन १०।** सात सय ५३ वटै स्थानीय सरकारलाई नागरिकलाई पर्याप्त र गुणस्तरीय पानी उपलब्ध गराउन योजना बनाउन प्रेरित गर्न थालिएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका विज्ञ डा. रञ्जित ओझा संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेको दिगो विकासका लक्ष्यलाई हासिल गर्ने गरी राष्ट्रिय कार्यक्रम अनुरुप कार्यक्रम बनाएर देशभर कार्यान्वयनमा लैजान प्रेरित गर्न लागिएको बताउँछन् ।

नेपालको संविधानले खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्न स्थानीय तहलाई अधिकार दिएको छ । पालिकाभित्रका हरेक बासिन्दाको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय पानी भएकाले यस क्षेत्रमा स्थानीय सरकारलाई नै जिम्मेवार बनाउने ढङ्गले कार्यक्रम तयार गरिएको उनले बताए ।

खानेपानी र सरसफाइको सुविधा सर्वव्यापी, न्यायोचित र पहुँचयोग्य बनाउन स्थानीय सरकारलाई सक्षम बनाउन खानेपानी मन्त्रालय, विभाग र खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको प्रयासमा कामको थालनी पनि गरिएको छ । यसका लागि विभागले सूचना लिन एक दर्जन एप्स प्रयोगमा ल्याएको जनाएको छ ।

एप्समार्फत स्थानीय सरकारले आफ्नो सीमानाभित्र खानेपानीको अवस्थाको अद्यावधिक जानकारीका निमित्त खानेपानीको सुविधा प्राप्त जनसङ्ख्या, खानेपानीको अभाव भएको जनसङ्ख्या, सञ्चालन भएका खानेपानी आयोजना, तिनको अवस्था, क्षमता विस्तार गर्नसक्ने सम्भावना, खानेपानीका स्रोत, स्रोत उपयोगको अवस्था, स्रोत संरक्षणको अवस्था, सतही स्रोतले नसमेट्ने स्थानमा भूमिगत स्रोतको अवस्थाका बारेमा अध्ययन हुनेछ ।

यसैगरी लिफ्टिङको संभावना, अन्य जिल्ला वा अन्य पालिकासँग साझेदारी वा समझदारीमा ठूला आयोजना सञ्चालन गर्नसक्ने अवस्था, नयाँ आयोजना निर्माण वा पुराना मर्मतसम्भार वा स्तरोन्नतिमा लाग्ने अनुमानित

(बाँकी अन्तिम पृष्ठमा)

## बास्तोला मृत्यु प्रकरणमा प्रहरी कार्यालय घेराउ



**मोरङ, फागुन १०।** प्रवीण वास्तोलाको मृत्युको विषयलाई लिएर इलाका प्रहरी कार्यालय उर्लावारीमा दुई दिनदेखि स्थानीयले नारावाजी गरिरहेका छन् ।

अनुसन्धानमा लापरवाही भएको भन्दै मृतकका आफन्तले इलाका प्रहरी कार्यालय उर्लाबारी घेराउ गर्दै नाराबाजी गरेका हुन् । गत पुसमा मोरङका ३१ वर्षीय बास्तोलाको मृत्यु भएको थियो । घटनापछि मृतकका बुबा प्रेमप्रसाद बास्तोलाले पुस २२ गते उर्लावारी–६का राजेश रनपहेलीविरुद्ध किटानी जाहेरी दिएका थिए ।

तर, प्रहरीले अनुसन्धानमा लापरवाही गरेको भन्दै पीडित परिवारका आफन्तले इलाका प्रहरी कार्यालयमा घेराउ गर्दै अनुसन्धानमा संलग्न प्रहरीलाई कारवाहीको माग गरेपछि प्रहरी नायव उपरीक्षकको संयोजकत्वमा छानविन समिति गठन भएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङले घटनाको सम्बन्धमा छानविन गर्न प्रहरी नायव उपरीक्षक मानबहादुर राईको संयोजकत्वमा छानविन समिति बनाएको छ । स्थानीयले इलाका प्रहरी कार्यालय उर्लाबारी घेराउ गरेपछि प्रहरीले छानविन समिति गठन गरेको हो ।

जिल्ला प्रहरी कार्यालयले बास्तोला मृत्यु प्रकरणको अनुसन्धानमा घटनाको तथ्यहरुमा तात्विक फरक पर्ने गरी प्रमाण संकलन र नष्ट गरी कसुरदारलाई उन्मुक्ति दिने गैह्रव्यवसायिक काम गरेको पाइएमा अनुसन्धान अधिकृतलाई कारवाही गर्ने दावी गरिएको छ । प्रहरीले सम्बन्धित इलाका इञ्चार्ज, अनुसन्धान अधिकृत, प्रहरी कर्मचारी समेतलाई कारवाही गरिने भन्दै घटनाको अनुसन्धान नयाँ प्रक्रियाबाट गर्ने जिल्ला प्रहरी कार्यालय मोरङले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

घटनाको शुरुवाती चरणदेखि अहिलेसम्मको अवस्थाको

(बाँकी अन्तिम पृष्ठमा)

## मेची अस्पतालमा सेवा विस्तार



**झापा, फागुन १०।** कोरोना भाइरसको त्रासपछि बिरामीको सेवासुविधालाई मध्यनजर मेची अञ्चल अस्पताल भद्रपुरले उच्च निर्भरता इकाई (हाई डिपेन्डेन्सी युनिट) को सेवा विस्तार गरेको छ ।

यसअघि बिरामीका लागि राखिएको जर्नल बेडलाई परिवर्तन गरी मेची अस्पतालले उच्च निर्भरता इकाई सेवाको विस्तार गरेको हो । सो सेवाको सोमबार बिहान एक कार्यक्रमकाबीच प्रदेश १का आन्तरिक मामिला तथा सामाजिक विकास मन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरेका हुन ।

उद्घाटन कार्यक्रम बोल्दै मन्त्री कार्कीले मानव जीवनसँग जोडिएको स्वास्थ्य क्षेत्रको विषयमा प्रदेश र संघीय दुवै सरकार गम्भीर रहेको बताए ।

मेची अस्पतालको सुधारोन्मुखतर्फ प्रदेश सरकार लागि परेको बताउँदै उनले भने– 'अहिले स्थापना गरिएको २५ शय्याको उच्च निर्भरता इकाईलाई महिनादिन भित्रै दुई सय शय्याको बनाउने छु ।' साथै मेची अञ्चल अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नतिको निम्ति आफू लागीपर्ने उनले प्रतिबद्धता समेत जाहेर गरेका छन् ।

मेचीमा २५ शय्याको उच्च निर्भरता इकाई सेवा स्थापनाका लागि प्रदेश १ को सामाजिक विकास मन्त्रालयले एक करोड ८४ लाख ४ हजार ३९ रुपैयाँ बजेट विनियोजन गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पिताम्बर ठाकुरले जानकारी दिए ।

सोही बजेटबाट उच्च निर्भरता इकाई स्थापनाका लागि आवश्यक औषधिजन्य सामग्री र उपकरण खरिद गरी सेवा विस्तार गरेको डा. ठाकुरले बताए । पहिला अस्पतालमा चार बेडको आइसियु र दुई बेडको भेन्टिलेटर थियो र जर्नल वार्डमा सामान्य बेड राखिएको थियो ।

अहिले उच्च निर्भरता इकाई स्थापना भएसँगै भेन्टिलेटरमा राख्नुपर्ने सामान्य बिरामीलाई उच्च निर्भरता इकाईमा राखेर उपचार गराउन मिल्छ, यसका लागि प्रत्येक बेडमा आवश्यक उपकरण जडान गरिएको उनले बताए । यो सेवाले गरिब तथा विपन्न समुदायलाई बढी राहत मिल्ने उनको भनाइ छ ।

अस्पताल सञ्चालक तथा व्यवस्थापन समितिका अध्यक्ष सोमनाथ पोर्तेलको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रदेश सांसदहरू वसन्त बानियाँ, श्रीप्रसाद मैनाली, गोपालचन्द्र बुढाथोकी, ओमप्रकाश सरावगी लगायतले मेची अस्पताल प्रदेशकै नमूना अस्पताल बनाउनुपर्नेमा जोड दिएका थिए ।

## हर्न बजाउँदा होस नपुर्‍याए...

**बिर्तामोड, फागुन १०।** सवारी साधनले निकाल्ने प्रेसर हर्नका कारण ध्वनि प्रदूषण बढेको भन्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले अनावश्यक रुपमा हर्न बजाउने सवारीलाई कारवाही शुरु गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगूका अनुसर जिल्लाका सबै ट्राफिक युनिटले सोमवारबाट अभियान स्वरुप अनावश्यक हर्न बजाउने सवारीलाई स्पटमै कारवाही गर्न शुरु गरेको बताए । बिर्तामोडमा

(बाँकी अन्तिम पृष्ठमा)

**VACANCY ANNOUNCEMENT**

**Newton's Education Academy** Announces Teachers' Vacancy for the following post:

| S. No. | Subject | Level | Qualification | Experience |
|---|---|---|---|---|
| 1 | Science | Lower secondary level (VII) | B.Sc | 2 years |

1. Nepalese citizens with fluency in English language is a must.
2. Good computer operating knowledge is preferable.
3. Experienced ones are encouraged to apply.
4. Last date of submission of the testimonials along with a application 12th Falgun 2077.

**Note: Applicant's also can apply via email address given below.**

**Newton's Education Academy**
Birtamode-05, Jhapa
Phone No. 023-540196, 9842623904
Email: newtonschool102@gmail.com

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

**कर्मचारी तु-आवश्यकता**

यस होटल हेवन ग्राण्डलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पदः हेड कुक– २ जना — रुम ब्वाई– २ जना
वेट्रेस– ३ जना — वेटर– ३ जना
असिस्टेन्ट कुक– २ जना — डिस वासर– २ जना

*नोटः सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।*

**सम्पर्कः ०२३–५४०६२५, ५४०४८२**

बाथरोग सम्बन्धी जुनसुकै समस्याको लागि
**डा. लवराज लोहनी**
**M.B.B.S MD. (NAMS)**
**Fellowship in Rheumatology**
**AIIMS New Delhi**
**NMC No. 11300**
**वरिष्ठ बाथरोग विशेषज्ञको अब दैनिक सेवा**

**सनसाइन मेडिसिन सेन्टर**
**भद्रपुर रोड, बिर्तामोड नपा–४, झापा**
**(सानिमा बैंक अगाडि) सम्पर्क नं. ०२३–५३४१३२**

**कर्मचारी आवश्यकता**

नेपाल सरकारद्वारा सञ्चालित आमा सुरक्षा कार्यक्रम यस अञ्जली हस्पिटल प्रा.लि.मा शुरु हुन गइरहेको हुँदा उक्त सुरक्षा कार्यक्रमको लागि निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद : एनेस्थेसीया टेक्नीसीयन — संख्या : १ जना
पद : ओटी नर्स — संख्या : २ जना
पद : स्टाफ नर्स वा अनमी — संख्या : ५ जना
(SBA Traning लिएकालाई विशेष प्राथमिकता)
तलब : आपसी समझदारीमा
सम्पर्क : सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र ।

सम्पर्क : **अञ्जली हस्पिटल प्रा. लि.,**
बिर्तामोड, झापा (**फोन** : ०२३–५४४७००, ९८५२६७४८०५)






# ज्येष्ठ नागरिकको भवन बन्दै



**बिर्तामोड, फागुन १०।** झापाको अर्जुनधारा नगरपालिका- ५ वैंशावारीमा ज्येष्ठ नागरिक तथा पुरानो चौतारीको वार्षिकोत्सव सम्पन्न भएको छ ।

सो अवसरमा ज्येष्ठ नागरिक तथा पुरानो चौतारीलाई एक कठ्ठा जग्गा निःशुल्क प्रदान गर्ने दाता परिवारलाई सम्मान समेत गरिएको छ । ज्येष्ठ नागरिक तथा पुरानो चौतारी निर्माणका लागि निःशुल्क जग्गा उपलब्ध गराउने उमाकान्त निरौला र टीकादेवी निरौलालाई सम्मान गरिएको हो । निरौला परिवारले ज्येष्ठ नागरिक चौतारो निर्माणका लागि २० लाख मूल्य बरावरको जमिन निःशुल्क प्रदान गरेका थिए ।

निरौला परिवारले नै उपलब्ध गराएको जमिनमा सहारा नेपाल सहकारी संस्था बिर्तामोडले १० लाख रुपैयाँ उपलब्ध गराउने भएपछि ज्येष्ठ नागरिक चौतारो निर्माण गर्ने बताइएको छ । ज्येष्ठ नागरिक चौतारीका लागि निर्माण गरिने भवनको समेत कार्यक्रमकै बीच शिलान्यास गरिएको छ ।

त्यस्तै ज्येष्ठ नागरिक पुरानो चौतारीले प्रकाशन गरेको स्मारिकाको समेत अर्जुनधारा-५का वडा अध्यक्ष ध्यानबहादुर भारतीले विमोचन गरे । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका भारतीले स्मारिकाको विमोचन गर्दै यस क्षेत्रमा ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि नगरपालिका र वडा कार्यालयले सक्दो सहयोग गर्ने बताए ।

अर्जुनधारा नगरपालिकाले त्यस क्षेत्रमा ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि १० लाख रुपैयाँ प्रदान गर्ने बताइएको छ । सो अवसरमा इनरह्वील क्लव अफ बिर्तामोड मिड टाउनले ज्येष्ठ नागरिकलाई सम्मान गर्दै फलफूल बितरण गरेको छ । क्लवकी अध्यक्ष रेणु वंशलको अध्यक्षतामा गएको टोलीले पुरुषलाई ढाका टोपी र महिलालाई वर्की प्रदान गर्दै सम्मान सहित फलफूल वितरण गरेको थियो ।

ज्येष्ठ नागरिक पुरानो चौतारीका अध्यक्ष जीवनकुमार खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष भारतीसहित अर्जुनधारा-५ वैंशावारी टोल विकास संस्था-२का अध्यक्ष ओमप्रकाश लुईंटेल, स्थानीय इन्दिरा भट्टराई, कमलप्रसाद भण्डारी, दाता परिवारका तर्फबाट रमेश निरौला, इनरह्वीलकी सचिव सम्झना भण्डारी, अध्यक्ष वंशल लगायतले बोलेका थिए । उमाकान्त ढुङ्गेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन हेमन्त रिजालले गरेका थिए ।

# राजवंशी समुदायका व्यवसायी संगठित



**बिर्तामोड, फागुन १०।** आसन्न बिर्तामोड उद्योग बाणिज्य संघको निर्वाचनका लागि बिर्तामोड क्षेत्रमा व्यापार व्यवसाय गर्दै आएका राजवंशी समुदायका व्यवसायीहरु संगठित भएका छन् ।

उनीहरुले फागुन १६ गतेको बाणिज्य संघको निर्वाचनका विषयमा सोमबार बिर्तामोडमा अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरेका छन् ।

बिर्तामोड नगरपालिकाभित्र राजवंशी समुदायबाट ५ सयभन्दा बढीले व्यापार व्यवसाय गर्ने गरेको अन्तरक्रिया कार्यक्रममा बताइएको थियो । उनीहरुमध्ये बाणिज्य संघको १६ गतेको निर्वाचनका लागि राजवंशी समुदायबाट १ सय १८ जना मतदाता रहेका छन् ।

अन्तरक्रिया कार्यक्रममा बोल्ने व्यवसायीहरुले बाणिज्य संघको चुनावमा संयुक्त व्यवसायी प्यानल र व्यवसायीहरुको लोकतान्त्रिक समूह दुवै प्यानलबाट राजवंशी समुदायबाट एक जना पनि उम्मेदवार नबनाउनु बिडम्बना भएको बताए । उनीहरुले राजवंशी व्यवसायीलाई भोट बैंकका रुपमा मात्र प्रयोग गरेको भन्दै आपत्ति जनाए ।

प्रेम होटलका सञ्चालक सुरेन राजवंशीले १ सय १८ जना मतदाता रहेको बिर्तामोड बाणिज्य संघको चुनावमा राजवंशी उम्मेद्वार शून्य हुनु दुखद् भएको बताए । उनले बर्षौदेखि र सयौंको संख्यामा राजवंशी समुदाय पनि व्यापार व्यवसायमा सक्रिय रहेकाले सबैलाई समेटेर जान बाणिज्य संघका दुवै चुनावी प्यानललाई आग्रह गरे । पुरन-हिरालता सपिङ मलका सञ्चालक गोपालचन्द्र राजवंशीले राजवंशी समुदायको प्रतिनिधि बिना बाणिज्य संघको नयाँ कार्यसमिति अपुरो हुने धारणा राखे । उनले नवनिर्वाचित समितिलाई कम्तिमा एक जना राजवंशी सदस्य मनोनित गर्न आग्रह गरे ।

न्यू लाईफ स्टाइलका सञ्चालक प्रमोद राजवंशीले बाणिज्य संघको चुनाव पनि राजवंशी समुदायका लागि 'भोट बैंक' मात्र भएको धारणा राखे । उनले ५० जना मतदाता हुने संगठनहरुले उम्मेदवार पाएको तर, राजवंशी समुदायको १ सय १८ जना मतदाता हुँदा समेत एक जना उम्मेदवार नपाउनु गम्भीर विषय भएको बताए । रोहन चश्मा घरका सञ्चालक राजन राजवंशीले बाणिज्य संघको नवनिर्वाचित कार्यसमितिमा राजवंशी सदस्य मनोनित गराउन सक्रिय पहल गर्न समुदायका अगुवाहरुलाई आग्रह गरे ।

अन्तरक्रियामा सहभागीहरुले सोमबार नै 'राजवंशी व्यवसायी संघ' समेत गठन गरेका छन् । प्रेम होटलका सञ्चालक सुरेन राजवंशी अध्यक्ष रहेको संघको उपाध्यक्षमा गोपालचन्द्र राजवंशी, सचिवमा अर्जुन राजवंशी, कोषाध्यक्षमा चन्द्रमाया राजवंशी चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा राजन राजवंशी, बासुदेव राजवंशी, कमल राजवंशी, मोहनसिंह राजवंशी, दिलिप राजवंशी, लालसिंह राजवंशी र धर्मेश राजवंशी चयन भएका छन् । सहभागीहरुले बाणिज्य संघको निर्वाचनमा बढीभन्दा बढी राजवंशी मतदाता एवम् व्यवसायीहरुको सहभागिता गराउने गरी गतिविधि अघि बढाउन जोड दिएका छन् ।

## बास्तोला ...

अनुसन्धान गर्ने गरी टोली खटाइएको मोरङ प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोष खड्काले जानकारी दिए । प्रहरीले जिल्ला सरकारी वकिलको रायका आधारमा जिम्मा जमानीमा छोडेको हो, पूर्ण उन्मुक्ति दिएको होइन- उपरीक्षक खड्काले भने- घटनाको अनुसन्धानमा त्रुटि रहेको पाइएमा संलग्न प्रहरीलाई कारवाही हुन्छ । इलाका प्रहरी कार्यालय उर्लाबारीमा पुस ९ गते यो घटना ज्यान सम्बन्धी कसुर दर्ता किताबको ६७ नम्बरमा उल्लेख गरिएको थियो ।

तर, प्रहरीले फरेन्सिक प्रतिवेदन आउन ढिलाइ भएको भन्दै पक्राउ गरिएका रनपहेलीलाई गत माघ २ गते नै छोडिदिएको थियो । प्रहरीले कानून बमोजिम २५ दिन थुनामा राखेर अनुसन्धान गर्ने अवधि पूरा भएको भन्दै छोडेको हो ।

जिल्ला सरकारी वकिलको कार्यालयको निर्देशन बमोजिम प्रतिवादी छोडिएपछि घटनामा प्रहरीको मिलेमतो रहेको मृतकको परिवारको आशंका छ । अनुसन्धान प्रभावकारी नभएको र आरोपित व्यक्तिले उन्मुक्ति पाएको भन्दै आइतबार पीडित परिवार र स्थानीयवासीले जिज्ञासा माग्दा प्रहरीले लापरवाही गरेको पाएको बताइएको छ ।

मृतकका परिवार र आफन्तलाई चित्त नबुझेपछि पछिल्लो समय प्रहरीको अनुसन्धानमा शंकास्पद मृत्यु भएका व्यक्तिको मिसिलमा असम्बन्धित फोटो संलग्न गरेको भेटिएपछि प्रहरीले घटना ढाकछोप गर्न भूमिका खेलेको रहस्य खुलेको मृतकको परिवारको दाबी छ ।

मिसिलमा समावेश गरिएको मृतकको तस्वीरमा चाँदीको सिक्री लगाएको पाइएपछि स्थानीयले केहीबेर इलाका प्रहरी कार्यालय घेराउ गर्नुका साथै प्रहरी विरुद्ध नाराबाजी पनि गरेका थिए । त्यही क्रम सोमबार समेत पीडित र स्थानीयवासीले कायम राखेका छन् ।

मृतक फेला पर्दा उनको गलामा सिक्री थिएन । यद्यपि प्रहरीले अनुहार नै नचिनिने गलामा सिक्री लगाएको तस्वीर घटना मुचुल्कामा संलग्न गरेको पाएपछि स्थानीय आक्रोशित बनेका हुन् । शुरुमा प्रहरीले दोषी पत्ता लगाउने आश्वासन दियो । तर, अहिले घटनाका आरोपित सबैलाई छोडिदिएको छ ।

मृतक प्रणिाका बुबा प्रेमले भने- ४ गते घरबाट निस्किएको छोरो ५ गते ११ बजे तिर मऱ्यो अरे भनेर नचिनिएको नम्बरको फोनबाट खबर आयो । 'कहाँ मऱ्यो, कसरी मऱ्यो कसले मऱ्यो, हामी परिवारका सदस्यलाई केही थाहा भएन । प्रहरी पनि प्रत्येक पटक अलग-अलग बयान दिन्छ । मर्ने त मऱ्यो तर न्याय मर्नु भएन नि'- उनले भने । छोराको शव मृत अवस्थामा गोदावरी अस्पतालमा भेटिएपछि परिवारलाई प्रवीणलाई त्यहाँसम्म कसले ल्यायो भन्नेसम्म थाहा छैन । मृतकका आफन्तले घटनालाई तोडमोड गर्ने गरी नक्कली कागजात बनाएको भन्दै आइतवारबाट इलाका प्रहरी कार्यालय उर्लावारीमा नारावाजी गरेका थिए ।

# सिम्पल रजनी



रजनी केसीले लोफर पछि लगातार केही फिल्म हात परेकी हुन् । तर, फिल्मको असफलताले गर्दा उनी ठूलो पर्दामा जम्न भने सकिनन् । ठूलोपर्दामा राम्रो नफापे पनि उनलाई अहिले सानोपर्दा भने राम्रोसँग फापेको छ ।

फिल्ममा हट लुकमा प्रस्तुत हुने गरेकी रजनी सानो पर्दामा भने सिम्पल लुक्समा पछिल्लो समय निर्देशक निर्मल शर्माले बनाउने गरेको टीभी सिरियल, बिज्ञापन चलचित्रका अलवा गजित बिष्टको निर्देशन रहेको टेलिचलचित्र 'अचानक'मा समेत ब्यस्त रहेकी छन् ।

फिल्ममा यस्तो लुकमा प्रस्तुत हुने गरेकी रजनी सानो पर्दामा भने सिम्पल लुक्समा देखिने गरेकी छन् । तर पनि उनीबाट भने दर्शक निरास हुन परेको छैन किनभने बेलाबेलामा उनी सामाजिक सञ्जालमा यस्ता तस्बिर सार्वजनिक गर्दै आइरहेकी छन् ।

रजनीले सामाजिक सञ्जालमा एक रातो ड्रेसको केही तस्वीर सार्वजनिक गरेकी छन् । रातो ड्रेसमा उनी प्रस्तुत भएकी छन् । तस्वीरमा उनी निकै सुन्दर समेत देखिएकी छन् । तस्वीरलाई उनका फ्यानले राम्रो प्रतिक्रिया दिएका छन् ।

# लागूऔषधसहित पक्राउ

**मोरङ, फागुन १०।** उदयपुर कटारी-७ तकिया बस्ने २१ बर्षीय रुपेश फुयाल खैरो हेरोइनसहित पक्राउ परेका छन् ।

विराटनगर-१६ दुर्गा मन्दिरस्थित रपेश फुँयाल चलाई ल्याएको को२ह ३७२९ नम्बरको टेम्पोलाई लागूऔषध ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा टेम्पोको फुटब्रेकको म्याट्रेसमुनि लुकाई ल्याएको ३ ग्राम ९४० मिलिग्राम खैरो हेरोइन फेला परेकोले टेम्पोसहित नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

त्यस्तै मोरङ कटहरी-२का ३३ बर्षीय धनीराम चौधरी, ४का ३७ बर्षीय मनराज शेख र २३ बर्षीय कैलाश मण्डल लागूऔषध खैरो हेरोइनसहित पक्राउ परेका छन् । उनीहरुलाई कटहरी-४ स्थित चमराही चौकबाट लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले प्लास्टिकले बेरिएको अवस्थामा खैरो हेरोइन ८ ग्राम र डिजिटल काँटा थान १ सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## जिल्ला ...

दुवै अध्यक्षको हस्ताक्षरमा सार्वजनिक गरिएको भए पनि खासगरी पूर्वमाओवादी पृष्ठभूमिका कतिपय नेताहरूले त्यसबारे बीबीसीलाई प्रतिक्रिया दिन अस्वीकार गरे । तर, पूर्वमाओवादी पृष्ठभूमिका नेता तथा कार्यालय सचिव श्रीराम ढकालले उक्त सूची अन्तिम नभएको टिप्पणी गरे ।

उनले भने- त्यसमा केही मिलाउनुपर्ने भएकाले मिलाउँदैछौँ । परिमार्जन गर्नुपर्ने भएको छ । केही नामहरू सच्याउनुपर्नेछ । सच्याएर मात्रै त्यसलाई अन्तिम रूप दिइन्छ । कुनैकुनैमा व्यक्ति उही हो, तर एउटा नाम हुनुपर्नेमा अर्को पऱ्यो । प्राविधिक रूपमा मिलाउनुपर्ने भयो । दुवै अध्यक्ष बसेर त्यसलाई हेरिरहनुभएको छ । उनले सोमवार वा मङ्गलवार पार्टीका दुई अध्यक्षले कहिले उक्त नामावली टुङ्गो लगाउँछन् आफूले भन्न नसक्ने बताए ।

पूर्वएमाले पृष्ठभूमिका नेकपाका अर्का कार्यालय सचिव गङ्गालाल तुलाधारले आफूलाई पछिल्लो परिस्थितिबारे थाहा नभएको बताए ।

उनले भने- हिजोसम्म धेरै ठाउँबाट छिटो गर्नुपऱ्यो भनेर कुराकानी आएकोसम्म थाहा छ, त्यो कुरा मैले अध्यक्षहरूलाई पटकपटक जानकारी गराएको हो । सङ्गठनात्मक कामहरू टुङ्ग्याउन हिजो उहाँहरू बस्नुभएको थियो । टुङ्ग्याएर सबै कुरा उहाँहरूले जानकारी पनि दिनुभयो भन्ने सुनेको हुँ । केही केही सच्चिनुपऱ्यो भनेर कुरा आएको पनि अनौपचारिक ढङ्गले मात्रै थाहा पाएको हुँ । औपचारिक रूपमा मलाई केही जानकारी छैन ।

**के थियो मापदण्ड ?**

नाम उल्लेख नगर्ने सर्तमा कतिपय नेताहरूले पूर्वएमाले र पूर्वमाओवादी दुवै पक्षलाई बराबर हैसियत दिँदै साङ्गठनिक संरचनालाई पूर्णता दिने विषयले पछिल्लो विवाद उब्जाएको उल्लेख गरेका छन् ।

दुवै अध्यक्षले आइतवार अन्तिम रूप दिएको मापदण्डमा प्रदेश र जिल्लाका इञ्चार्ज, सहइञ्चार्ज एवम् पार्टी समिति तथा जनसङ्गठनका पदाधिकारीहरूमा सामान्यतया साबिकको जुन पक्षबाट रिक्त भएको हो त्यही पक्षबाट पूर्ति गर्ने सहमति भएको एक जना नेताले बताए ।

त्यसो गर्दा दुवै पक्षबाट पार्टी समिति तथा जनवर्गीय सङ्गठनहका विभिन्न तहमा पदाधिकारी र सदस्य संख्या ५०-५० प्रतिशत हुनेगरी मिलाउने उल्लेख गरिएको नौ बुँदे मापदण्डमा दुवै अध्यक्षले हस्ताक्षर गरेको ती नेताको भनाइ छ ।

उनी भन्छन्- सबैभन्दा महत्वपूर्ण मापदण्ड भनेको जुन पदाधिकारी खाली भएको हो, त्यही पक्षबाट र त्यसका सदस्यहरू ५०-५० प्रतिशत हुनेगरी हामीले मापदण्ड जारी गरेका छौँ । हिजै हस्ताक्षर गरेर केन्द्रीय समितिका सदस्यहरूलाई सर्कुलर पनि पठाइएको छ ।

पूर्वअध्यक्ष पूर्वएमाले भएको ठाउँमा ती अध्यक्ष केपी ओली समूहमा रहे भने खाली रहेको ठाउँमा माधव नेपाल पक्षलाई ल्याउनुपर्छ भन्ने कुरा हो । त्यहाँ नै अलिकति अलमल भएको हो कि भन्ने मेरो अनुमान हो । यसअघि २०७४ सालमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकीकरण हुँदा ६०/४०को अनुपातमा जिम्मेवारी बाँडफाँट गरिएको थियो ।

एकताको बेला नेकपामा झण्डै साढे चार सय जनाको केन्द्रीय समिति बनाइएको थियो । यसपटक पार्टी विभाजन हुँदा प्रधानमन्त्री ओलीको पक्षमा जाने अधिकांश नेताहरू एमालेको पृष्ठभूमिका रहेको भन्दै कतिपय पूर्वमाओवादी नेताहरू आफ्नो समूहमा साङ्गठनिक एकता गर्दा आफ्नो पक्षलाई महत्वपूर्ण स्थान दिइनुपर्ने वीवीसीमा उल्लेख गरिएको छ ।

## सबै ...

रकम, आयोजना सञ्चालन गर्न आवश्यक जनशक्ति, खानेपानीको गुणस्तर मापनको अवस्था, गुणस्तर कायम गर्न गर्नुपर्ने कार्य र आवश्यक स्रोत, साधन र जनशक्ति, खानेपानी आयोजनाको सञ्चालनमा स्थानीय सहभागिता, उपभोक्ता समितिको अवस्था, खानेपानी महशुल, सञ्चालन खर्च र मर्मतसम्भारको अवस्था, फोहरमैला व्यवस्थापनका सम्बन्धमा हाल अपनाइएको विधि, दिगो र स्थायी समाधानको सम्भावना, ढल निकास र प्रशोधनको वर्तमान अवस्था र सम्भावनाजस्ता विषयमा सूचना पठाउने छन् । तिनलाई सङ्कलन गरी प्रशोधन गरेर विभागले हरेक पालिकाको खानेपानी तथा सरसफाइको प्रतिवेदन तयार पार्दछ ।

त्यसको आधारमा हरेक स्थानीय सरकारलाई एक दशकभित्र हरेक घरमा एक धारा पुऱ्याउन, हरेक धाराबाट पर्याप्त शुद्ध पानी उपलब्ध गराउन र विश्वस्तरीय सरसफाइ कायम गराउन आवश्यक कार्यक्रम तर्जुमा गरी बजेटको अनुमानित लागत तयार पारिने विभागले जनाएको छ ।

## हर्न ...

अभियानको उद्घाटन गर्दै प्रहरी निरीक्षक जवेगूले १ नम्वर प्रदेशलाई हर्न निषेधित प्रदेश घोषणा गरिएकाले झापामा पनि अभियानको शुरुवात भएको बताए ।

ट्राफिक प्रहरीले सार्वजनिक सवारीसहित साना ठूला सवारीलाई चेकजाँच गर्दै अनावश्यक रुपमा हर्न बजाए कारवाही गर्न शुरु गरेको हो । ट्राफिक प्रहरी निरीक्षक जवेगू आफैंले अभियानको उद्घाटन गर्दै सवारीको हर्न खोल्न शुरु गरेका थिए ।


**हार्दिक बधाई**



हाम्रो यस संघकी अध्यक्ष **पार्वता खरेल बिमली** नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत नेपाल महिला उद्यमी विकास समितिको केन्द्रीय सदस्य जस्तो गरिमामय पदमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**यशोदा प्रसाईं भट्टराई**
महासचिव

**निरमाया पुलामी**
वरिष्ठ उपाध्यक्ष

**एवम् नेपाल उद्यमशील महिला संघ झापा परिवार**

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

*प्रथमपटक प्रकाशित मितिः २०७७/११/११*

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम आ.व. ०७७/०७८ अनुसार पशु आहार व्यवस्थापन कार्यक्रम अन्तर्गत बर्खे घाँस (TO senti) को बीऊ ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/११/२५ गते) भित्र इच्छुक कृषकहरुले रितपूर्वक आवेदन दर्ता गर्नुहुन यस नगरपलिका क्षेत्रभित्रका सम्पूर्ण कृषकहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू**
१. निवेदन, २. नागरिकताको छायाँ कपी, ३. जग्गाधनी पूर्जाको छायाँ कपी

**गणेशप्रसाद दाहाल** : प्रमुख प्रशासकीय अधिकृत

**टिपर चालकको आवश्यकता**

झापाको भद्रपुरस्थित एक निर्माण कम्पनीलाई एक जना अनुभवी र दक्ष टिपर चालकको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला । मासिक तलब ३५ हजारसहित खाना तथा बस्नेको व्यवस्था पनि छ ।

सम्पर्क नम्बर : ९८५२६५५०३९

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

**आकर्षक फ्ल्याट भाडामा**

बिर्तामोड शनिश्चरे रोडस्थित ३ वटा एटेच बाथरुम, पार्टी हल, किचन, लेण्डलाइन टेलिफोन, फिल्टर जडित खानेपानी, कम्पाउण्ड, नाला, पार्किङको व्यवस्थासहित अफिस, सहकारी, मेडिकल ल्याव, रेष्टुरेण्ट, लज, कन्सल्टेन्सी, मेनपावर एजेन्सीहरुको लागि उपयुक्त फ्ल्याट भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८६३६०५२९२

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

बिर्तामोड नगरपालिका अन्तर्गतका सामुदायिक सडक कुकुरहरुको मात्र बन्ध्याकरण यही मिति २०७७ फागुन १३ गतेदेखि फागुन १९ गतेसम्म बिर्तामोड नगरपालिका कार्यालयको प्राङ्गणमा हुने भएकाले सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**बिर्तामोड नगरपालिका**
पशु तथा मत्स्य विकास शाखा बिर्तामोड (झापा)

चिनारी राजश्व सेवा सेन्टरको सेवा अब हाम्रो झापामा

**हाम्रो सेवा तथा परामर्श**

१) आन्तरिक राजश्व कार्यालयमा हुने कार्यहरुः
क) कर भुक्तानी/ कर चुक्ता ख) पान नं. सम्बन्धी
ग) कारोबार थप घ) VAT BILL सम्बन्धी काम
२) घरेलु तथा साना उद्योग कार्यालयमा हुने कार्यहरु
क) फर्म दर्ता ख) नवीकरण ग) फर्म खरिद/बिक्री
३) कम्पनी रजिष्ट्रार कार्यालयमा हुने कार्यहरु
क) कम्पनीको दर्ता ख) नवीकरण ग) नामसारी घ) ठाउँ सारी खरिद
४) यातायात कार्यालयमा हुने कार्यहरु
५) कम्पनी, संघ-संस्था, सहकारी तथा फर्महरुको लेखा परीक्षण
६) NTC, NCELL, DISH HOME, INTERNET को रिचार्ज
७) बिजुली, पानीको बिल भुक्तानी
८) फोटोकपी तथा कम्प्युटर सम्बन्धी कार्य अन्य निकायमा, अनलाइन सम्बन्धी कार्यहरु

**चिनारी राजश्व सेवा सेन्टर**
अर्जुनधारा-८ (तुतबारी), झापा
बिर्तामोड-शनिश्चरे रोड, पूर्वार्ध डेरी उद्योग पूर्व (सुशीला सुवेदीको घर)
युवराज सापकोटा (मो. ९८०४९७६५०६), भीम सञ्जेल (मो. ९८४२६४५३७५)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# जनता मालिक नै हुन्

गर्मीको मौसम शुरु भएको छ । यो मौसमको फागुन र चैत महिनालाई हुण्डरी र आगलागी जस्ता प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको महिना मानिन्छ । हुन पनि विगतमा यही समय ठूल्ठूला विपदाहरु सामना गर्नु परेको छ । कतिले आर्थिक, भौतिक मात्र होइन मानवीय क्षतिसम्म व्यहोर्नु परेको छ यो समयमा । हाम्रो देशको सन्दर्भमा यही बेला राजनीतिक वातावरण पनि त्यत्तिकै तातेको हुन्छ । वायुमण्डल र वातावरण नै तातिएको बेला राजनीतिक घटनाक्रमले 'आगोमा घिउ थप्ने' काम गर्छ । शायद त्यहीकारण होला नेपालको प्रजातान्त्रिक आन्दोलनले उत्कर्ष टेकेको यही समय सत्तरी वर्षअघि राणा शासन अन्त्य भएको थियो । सत्तरी वर्ष पूरा भइसक्दा पनि नेपाली जनताले पनि प्रजातान्त्रिक अधिकारको उपभोग गर्न भने पाइरहेका छैनन् । अझै प्रजातन्त्रकै लागि भन्दै सडक प्रदर्शनमा उत्रिरहनु परेको छ ।

नेपाली जनता प्रदर्शनका साधन भइरहेका छन् । अरुहरुको स्वार्थका लागि प्रदर्शित भइरहनु नियति नै हो शायद । जबसम्म आफूलाई चिन्न सकिन्नँ, आफ्नो भूमिका, अधिकार र दायित्वबोध गर्न सक्ने चेतनाको विकास हुँदैन तबसम्म त्यही नियति दोहोरिरहने निश्चित छ । राजनीतिक दलहरुले आफ्नो स्वार्थ पूरा गर्न, दलीय अस्तित्वको रक्षा गर्न समय–समय सडक प्रयोग गर्छन् । प्रतिद्वन्द्वीलाई देखाउन कै लागि, भीड बढाउन कै लागि जनतालाई सडकमा उतार्छन् । तिनै जनता, त्यही सडक विभिन्न झण्डा, विभिन्न मुद्दा र मागका प्रदर्शित वस्तु बनिन्छन् । सत्तामा रहने बाहेकका दलहरुले आम जनतालाई आफ्नो 'सिँढी' बनाउनु त स्वभाविक नै हो, तर यसबेला सरकार नै शक्ति प्रदर्शनमा उत्रिएको छ, जो स्वयम् अनौठो र अस्वभाविक भएकोले चर्चाको विषय बनिएको छ ।

देशले संघीयता र गणतान्त्रिक व्यवस्था ग्रहण गरेको पनि डेढ दशक भइसकेको छ । त्यसै अनुसारको संविधान पनि बनिएको छ । संवैधानिक व्यवस्था अनुसार जनता सम्प्रभुता सम्पन्न हुन्छन् । यस अर्थमा जनता नागरिक भएका छन् र सर्वेसर्वा ठहरिन्छन् । यसकारण जनताले आफूमा निहीत सम्प्रभुता निर्वाचन मार्फत प्रतिनिधिलाई प्रदान गर्छन् र आफूलाई सुरक्षित र संरक्षित महशुस गर्छन् । त्यहीकारण जनताद्वारा निर्वाचित प्रतिनिधि जनताका सेवक मानिन्छन् । किनकि सत्ता आरोहण गराउने माध्यम जनता हुन् र मालिक हुन्छन् । तर, नेपाली जनताले यस्तो अनुभूत गर्न पाएका छैनन्, नेतृत्व पंक्तिमा 'काम पऱ्यो भाँडो–आफल तेरो ठाँडो' मानसिकता कायमै छ । आवधिक निर्वाचनसम्म पनि धैर्य गर्न नसक्ने प्रतिद्वन्द्विताले तरंगित हाम्रो राजनीति फेरि पनि दुर्घटना सम्मुख उभिएको छ । मालिक भनिने जनतालाई स्वार्थको गोटी बनाइँदैछ, समय–असमय सडक प्रदर्शनका वस्तुमा अनुवाद गरिँदैछ । त्यसैले अब जनताले चेतनाको ढोका खोल्नै पर्छ, राजनीतिक दलहरुको दासताबाट मुक्त हुनैपर्छ । अन्यथा जनताले मालिक हुने दिन कहिल्यै आउँदैन, हेक्का राखौं ।

चीन होइन सर्वकालीक मित्र :

# नेपाली व्यापारीमाथि कुठाराघात



**मोहन सिंह**

> नेपाली नेताहरुले आफ्नो उत्तरी छिमेकीबाट लिएर आएका लोभ लाग्दा बचनहरुले आफ्नो साख बचाउन सकेको छैनन् । नेपाली व्यापारीहरुले भोग्नु परिरहेका कठिनाइहरु लगायत प्रस्तावित छ वटा व्यापार मार्गहरु सम्बन्धमा बाहिर आइरहेका इतिवृत्तिहरुले नै प्रचुर कुराहरु उजागर गर्दछन् ।

उनीहरू यस कुरालाई भिन्न भाषामा राख्दछन्, जस्तै 'सर्वकालिक मित्र' वा 'दुःखको साथी नै वास्तविक साथी'। अन्तर्राष्ट्रिय सिमानाहरू साझा गर्ने नेपाल, चीन र भारतबीचको त्रिकोणीय सम्बन्धले कम्तीमा पनि एशिया महादेशमा जनचासोको विषयको रूपमा महत्व राख्दछ। यी तीन वटा राष्ट्रहरूमा हाल सबैको ध्यान खिँचिरहेको ताजा विषय नेपाल र चीनबीचको व्यापारिक सम्बन्ध हुनपुगेको छ।

सन् २०१५ देखि जतिखेर भारत-नेपाल सम्बन्ध आफ्नो इतिहासमै सबैभन्दा चिसिएको अवस्थामा थियो, त्यतिखेर नेपाल र चीनबीचको व्यापारिक सम्भावना चुलिएर गएको थियो तथा दुई देशले कतिपय व्यापारिक सम्झौताहरूमा हस्ताक्षर गरेका थिए। यद्यपि, यी दुई देशबीच छ वटा व्यापारिक नाकाहरूलाई सञ्चालनमा ल्याइने लगायतका सम्झौताहरू नै यस कुराका उदाहरण हुन् कि यी सम्झौताहरू कति अव्यावहारिक अनि हतारमा सम्पन्न गरिएका थिए। चिनियाँ पक्षले रसुवागढी अनि तातोपानी व्यापारिक नाकामा एकतर्फी रूपमा कठोर प्रकारले रोक्का लगाएपछि नेपाली व्यापारीहरू अलपत्र परेका छन् भने गोदाम अनि वेयरहाउसहरूमा थुप्रो लागेका सरसामानहरू सड्न थालेका छन्।

प्राप्त रिपोर्ट अनुसार ती दुई नाकाहरूमा तैनाथ चिनियाँ अधिकृतहरू उनीहरूको नव वर्षको विदा मनाउन हिँडेपछि दुई देशबीचको अन्तर्राष्ट्रिय व्यापार अवरूद्ध बन्नपुगेको छ। यद्यपि रसुवागढी अनि तातोपानी नाकाबाट व्यापार यसै हप्ताको अन्त्यबाट पुनः शुरू हुने रिपोर्ट पाइएको छ, तरै पनि अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा चिनियाँ पक्षबाट लगाइएका नियमहरूको कारण व्यापारमा अनिश्चतता देखिएको आरोप उठ्नथालेको छ।

स्थिति कतिसम्म गम्भीर बनिसकेको छ भने नेपालका उद्योग, वाणिज्य एवम् आपूर्ति मन्त्री लेखराज भट्टले सार्वजनिक रूपमै भनिसकेका छन् कि नेपालले चीनसँग व्यापार गर्ने/नगर्ने विषयमा विवेचना गर्ने समय आइसकेको छ। यद्यपि चिनियाँ पक्षले यसलाई स्वीकार्ने छैन, तर नेपालको सत्ताको वरिपरि रहेका धेरैले यो बुझ्न थालेका छन् कि तातोपानी अनि रसुवागढी नाकामा देखिएको अवरोध चीनको तर्फबाट गरिएको अघोषित नाकाबन्दी नै हो।

यद्यपि, सन् २०१५ मा नेपाल अनि भारतबीच समस्या देखापरेको थियो, जसले अखबारहरूमा प्रमुखता पनि पाएको थियो अनि जसमा नेपालले भारतमाथि नाकाबन्दी गरेको आरोप लगाएको थियो, यति हुँदा पनि तर नेपाल-चीनबीच तातोपानी र रसुवागढी नाकामा भइरहेको गतिविधिले आवश्यक अन्तर्राष्ट्रिय ध्यान खिँच्नसकेको थिएन। यसबाट एउटा नैसर्गिक प्रश्न उठ्छ- किन यो विभेद ?

नेपाल अनि भारतबीचको सम्बन्ध इतिहासकै सबैभन्दा कमजोर अवस्थामा रहेको समयमा नेपाल र चीनबीच अन्तर्राष्ट्रिय व्यापार शुरू गर्ने भनी भएका छ वटा सम्झौताहरूले पनि तर तातोपानी र रसुवागढी बाहेक अन्यत्र परिणाम दिन सकेन। सम्झौतामा सन् २०१९ मा हस्ताक्षर भएको थियो र यसमा नेपालले आफूलाई चाहिएका वस्तुहरू चीनबाट यी चारवटा व्यापार नाकाहरू मार्फत् भित्र्याउने सहमति भएको थियो। नेपाली अधिकृतहरू आशङ्का व्यक्त गर्छन्, जब दुईवटा खुल्ला व्यापार केन्द्रहरू नै अवरूद्ध हुनपुगेका छन् भने अन्य चारवटा नाकाहरू निकट भविष्यमै खुल्नेछन् भनी कल्पना गर्नु अन्यथा हुनेछ।



सैकडौं किलोमिटर लामो खुल्ला अनि बेरोकटोक आउजाउ गर्न सकिने सीमा साझा गर्ने नेपाल-भारतबीच कहिलेकाहीं विवादहरू देखापर्नु स्वाभाविक परिघटना हो। दुई देशका सरकारी संयन्त्रहरू परिस्थितिलाई सम्हाल्न अनि एउटा तार्किक निष्कर्षमा पुऱ्याउन सक्षम छन्। थुप्रै समरूपताहरू अनि शताब्दिऔं पुरानो सम्बन्ध रहेका यी दुई सार्वभौम राष्ट्रहरूले बारम्बार पुष्टि गरेका छन् कि उनीहरू केवल अनुकूल पर्दाका साथी र छिमेकी होइनन्। यी दुई राष्ट्रहरू सदैव आवश्यकताको घडीमा एक-अर्काको साथमा उभिएका छन्।

सन् २०१५ तिरका ती दिनहरू अब घर्किए, जतिखेर एक-अर्काप्रति शङ्काको कारण नेपाल र भारतबीचको दुईपक्षीय सम्बन्धहरूमा गतिरोध आएको थियो। अहिलेघडी दुई देशबीच व्यापारिक सम्बन्ध पुनः लहलहाउन थालेको छ।

कोरोना भाइरसका कारण भएको कठोर लकडाउनका समयमा पनि भारतले आफ्नो अन्तर्राष्ट्रिय व्यापार प्रतिबद्धताहरू पूरा गर्दै बंगलादेश र भूटानबाट आउने अतिआवश्यक वस्तुहरू नेपाल प्रवेश गर्ने मार्ग प्रशस्त गऱ्यो।

**पुनः चीन–नेपाल व्यापारतर्फ**

चीनको राजनीतिक इच्छाशक्तिको अभाव अनि नेपालको तर्फबाट आवश्यक पहलकदमीको कमीले यसै पनि नेपाली व्यापारीहरूलाई क्रुद्ध तुल्याएको छ, जसले गर्दा उनीहरू यसलाई चीनको मनोमानी ठहऱ्याउँदै प्रदर्शनमा उत्रन विवश गरेको छ।

नेपालका धेरै विश्लेषक तथा विज्ञहरूले सञ्चालनमा ल्याइने भनिएका यी थप चारवटा व्यापार नाकाको व्यवहारिकताबारेमा आफ्ना विचारहरू पोखिरहेका छन्। यी नाकाहरू सञ्चालित भई नै हालेमा पनि दूरी निकै लामो हुनु, व्यापार मार्गहरूको ऐकान्तिकता, भारी हिमपात अनि नियमित भू-स्खलनहरूको प्रवणताले यी व्यापार मार्गहरूलाई संवेदनशील र जोखिमपूर्ण दुवै बनाउँदछ।

नेपाली नेताहरूले आफ्नो उत्तरी छिमेकीबाट लिएर आएका लोभलाग्दा बचनहरूले आफ्नो साख बचाउन सकेको छैनन्। नेपाली व्यापारीहरूले भोग्नु परिरहेका कठिनाईहरू लगायत प्रस्तावित छ वटा व्यापार मार्गहरू सम्बन्धमा बाहिर आइरहेका इतिवृत्तिहरूले नै प्रचुर कुराहरू उजागर गर्दछन्।

**अर्को उदाहरण**

प्रधानमन्त्री के.पी. शर्मा ओलीको गृह नगर झापामा अवस्थित बेल्ट एण्ड रोड इनिसिएटिभ फ्रेमवर्क अन्तर्गतको चिनियाँ निवेशको ध्वजावाहक कार्यक्रम दमक क्लीन पार्क प्रोजेक्ट आफै नै वचनहरू कसरी तोडिएका छन् भन्ने कुराका दसी हुन्।

प्रोजेक्टका अधिकृतहरूले आफ्ना प्रतिबद्धताहरू पूरा नगरेकोमा राजनीतिक पार्टी तथा जमीनमालिकहरूले आक्रोश व्यक्त गरिरहेका छन्। गत वर्ष सेप्टेम्बर-अक्टोबरदेखि जमीनदाता तथा राजनीतिक पार्टीहरूले सर्वदलीय बैठकमा लिइएका निर्णयहरूलाई सम्मान गरिनुपर्ने माग गरिरहेका छन्। यसबीच प्रधानमन्त्रीसँग बैठक र धेरै डेपुटेशनहरू दिइए, तर पर्याप्त क्षतिपूर्ति र चिनियाँ निवेश सम्बन्धी पारदर्शितालाई राष्ट्रको नजरबाट छलिँदैछ।

राजनीतिक रूपले महत्वाकांक्षी एफ.डी.एन.एफ.सँग सम्बन्धित थुप्रै बुँदाहरूलाई प्रभावकारी ढङ्गमा उजागर गर्न एक हताशाजनक पहलको रूपमा लिम्बूवानको एउटा राजनीतिक मोर्चाले गत दिसम्बर महिनामा पूर्वी नेपालको दमकमा व्यापक प्रदर्शनी र जनभेलाको आयोजन गऱ्यो। लोकप्रिय नेताहरूले सहभागिता जनाएको उक्त कार्यक्रमले कसरी ओली सरकारले अति विवादास्पदरुपमा शुरू गरिएको योजनालाई अघि बढाइरहेको छ भन्ने विषयमा व्यापक रूपमा प्रकाश पाऱ्यो। मञ्चमा उपस्थित सबैले नेपालको तरल राजनैतिक धरातलमा शिशु प्रजातन्त्रमाथि चिनियाँ झुटको प्रोत्साहनको चर्को आलोचना गरेका थिए।

नेपाल अर्को राजनीतिक सङ्कटबाट गुज्रिरहेको समयमा हुम्लामा चीनको अतिक्रमण, दमक प्रोजेक्टविरुद्ध आन्दोलन अनि अहिले अघोषित व्यापार नाकाबन्दीलाई नै नेपालका नीति निर्माताहरूले सङ्केतका रूपमा बुझ्न पर्याप्त छ कि किन चीन नेपालको सर्वकालीन मित्र अनि आवश्यकता पर्दाको साथी बन्न सक्दैन।

# स्याउको दाना कति हानिकारक !



**संगीता रौनियार**

स्याउ हाम्रो स्वास्थ्यको लागि कति गुणकारी छ यो भनिरहन जरुरी छैन। किनभने स्याउलाई हामी एउटा सम्पूर्ण फलको रुपमा बुझ्छौं। स्वास्थ्यलाई राम्रो राख्न सजिलो पाच्न बालकदेखि वृद्धसम्म सबैलाई मनपर्ने फल हो। कुनै बिरामीलाई हेर्न जाने बेला पूजा-आजाको बेला मरीमराउ, जुनसुकै बेला फल भन्ने बित्तिकै हामी स्याउलाई सम्झिन्छौं। तर, यो पौष्टिक फल हाम्रो लागि प्राणघातक पनि हुन सक्छ कसरी ? स्याउको बीऊ (दाना) धेरै नै विषाक्त हुन्छ र यसलाई सेवन गर्दा मानिसको मृत्यु पनि हुन सक्छ।

स्याउको बीऊमा अमिगडलीन नामक तत्व भेटिन्छ र जब यो तत्व मानिसको पाचन सम्बन्धी इन्जाइमको सम्पर्कमा आउँछ तब यो साइनाइड निकाल्न थाल्छ। अमिगडलिनमा साइनाइड र चिनी हुन्छ र जब यसलाई हामी ग्रहण गर्छौं तब हाइड्रोजन साइनाइडमा परिवर्तित हुन्छ, त्यसबेला मानिस विमार मात्र हुँदैन उसको मृत्यु पनि हुन सक्छ। तर, भुलबस स्याउको बीऊ खादा तीव्र विषाक्तको रोगी कमै देखा पर्छन्।

साइनाइड विश्वकै सबैभन्दा घातक विषको रुपमा प्रख्यात छ। र, सामुहिक आत्महत्या केमिकल युद्धको बेला यसबाट हुने मृत्युको इतिहास धेरै लामो रहेको छ। साइनाइड हाम्रो शरीरको अक्सिजनलाई बाधित गर्छ। यो मस्तिष्कमा अक्सिजन सप्लाइलाई बन्द गरिहाल्छ जसकारण मानिसलाई मस्तिष्कघात पनि हुन सक्छ। अक्सिजनको अभावमा मानिसको मृत्यु पनि हुन सक्छ। यसको लक्षणहरु :

**रिंगटा लाग्नु :**

साइनाइड मानिसको शरीरमा गएर उसलाई विस्तारै-विस्तारै कमजोर बनाउँछ, साइनाइडको प्रभावको कारण मानिसको मस्तिष्क सही तरिकाले काम गर्न छोड्छ । यस्तोमा कमजोरीले गर्दा मानिसलाई रिंगटा लाग्न थाल्छ।

**माइग्रेन र उल्टी :**

साइनाइडको प्रभावले मानिसको पुरै सिस्टम खराब हुन्छ, उसलाई पेट दुख्ने र वान्ताको लक्षण देखा पर्न थाल्छ।

**सास फेर्न अफ्टेरो :**

साइनाइड सेवनले श्वासप्रश्वासमा गडबडी आउन थाल्छ। जसकारण सास लिन गाह्रो हुन थाल्छ। र, बेलामा यसको उपचार गरेन भने मानिस मृत्युको मुखमा पनि जान सक्छ।



**धड्कन बढ्नु :**

साइनाइडको प्रभाव मुटुमा पनि पर्दछ यसको असरले मुटुको धड्कन बढ्नु, रक्तचाप तल झर्ने वा बढ्न पनि सक्छ।

**साइनाइडको कति मात्रा हानिकारक हुन्छ :**

यदि हामी एक कप स्याउको बीऊलाई पाउडर बनाएर खायो भने मृत्यु निश्चित छ। एक ग्राम स्याउको बीऊको भित्र ०.०७ एमएल देखि ०.२४ एमएलसम्म साइनाइड हुन्छ। मानव शरीरको लागि ०.५-०.८ एमएल साइनाइड घातक हुन सक्छ। यति मात्रामा कसैले सेवन गऱ्यो भने उनको मृत्यु निश्चित छ।

दुई सय ग्राम पाउडर स्याउको बीऊ सीधा तपाईंको हाम्रो मुटु र मस्तिष्कमा प्रभाव पार्छ। त्यसकारण स्याउ खानु तर सावधानीपूर्वक यसको बीऊ (दाना) निकालेर स्याउसँगै अरु पनि केही फलको बीऊमा साइनाइड भेटिन्छ- जस्तो ऐप्रिकाँट (खुवानी) चेरी, आलुबखडा स्याउ जस्तो फल छन्।

यिनीहरुको बीऊ माथि धेरै बलियो र मजबुत परत हुन्छ र अमिगडलिन यसको भित्रि भागमा बसेको हुन्छ। हामी स्याउको बीऊलाई नफुटाइ निल्यो भने यो घातक हुँदैन। तर, स्याउको बीऊलाई फुटाएर पाउडर बनाएर खायो भने यो साइनाइडको काम गर्छ।

तर, यदि तपाईंले गल्तिले यसलाई खाइसक्नुभयो भने चिन्ताको विषय त्यहाँ केही छैन। स्याउको बीऊसँग एक सुरक्षात्मक लेप हुन्छ, जसले साइनाइडलाई शरीर प्रणालीमा प्रवेश गर्नबाट रोक्दछ। तर, स्याउ खानको लागि सावधान रहनुहोस्। स्याउ खादा राम्रो तरिकाले बीऊ (दाना)लाई निकालेर खाने गर्नुपर्दछ।

sangitarauniyar3@gmail.com

# माइन्यूट लेखन तालिम



**बिर्तामोड, फागुन १०।** वीरता लेडी जेसीजको आयोजनामा माइन्युट लेखन तालिम सम्पन्न भएको छ।

संस्थाकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षता तथा नेपाल जेसीजकी राष्ट्रिय उपाध्यक्ष रजनी थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक पूजा काफ्ले खरेलले आस्था वाचन, कार्यक्रम संयोजक अर्चना राउतले स्वागत र मेनुका ओलीले जेसीआई मिसन भिजन वाचन गरेका थिए।

कार्यक्रममा वीरता लेडी जेसीजकी निवर्तमान अध्यक्ष सुष्मा भण्डारी पौडेल, सुरुङ्गा जेसीजकी अध्यक्ष उसायदुका उप्रेती, नेपाल पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

सञ्चारकर्मी ज्ञानेन्द्र निरौलाले सहजीकरण गरेको तालिममा राजवंशी महिला समाज बिर्तामोड, छठ महिला मञ्च, सुन्दर आमा समूहका सदस्यसहित ६० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी, राजवंशी महिला समाज बिर्तामोडकी केन्द्रीय अध्यक्ष सनम राजवंशी, सनराइज एफएमकी प्रवन्ध निर्देशक सीता भट्टराई, वीरता लेडी जेसीजकी आजीवन सदस्य शिला ढकाल, मानार्थ सदस्य दमन्ता दाहाल, पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव हिमा पौडेलले गरेकी थिइन्।

# दमकका भूमिहीन परिवारले पाए घर

**दमक, फागुन १०।** दमक नगरपालिकाले आफ्नो घरजग्गा नभएका भूमिहीन परिवारलाई एकीकृत नमूना बस्ती निर्माण गरी नयाँ घरमा बसोबास गराउन थालेको छ।

गत वर्ष नगरका भूमिहीनका लागि समान प्रकृतिका २३ घर परिवारलाई दिन थालिएको नगरपालिकाले जनाएको छ। दमक-१ मा नमूना एकीकृत बस्तीका रूपमा बसोबासको व्यवस्था मिलाउने लक्ष्य अनुसार पहिलो चरणमा ती परिवारलाई नमूना बस्ती निर्माण गरिएको नगर प्रमुख रोमनाथ ओलीले बताए।

नगरपालिकाको स्वामित्वको जमिन उपयोगसँगै अतिक्रमण हटाई क्रमिकरूपमा यस प्रकारका बस्ती निर्माण गर्ने योजना अनुसार नमूनाबस्ती निर्माण गरिएको हो। नगर प्रमुख ओलीका अनुसार सो स्थानमा बसोबासका लागि नगरपालिकाभित्र कम्तीमा १० वर्षदेखि बसोबास गरेको र कहीँ पनि जमिन नभएको परिवार छनोट गरिएको हो।

त्यस्तै दमक- ७ को सुनचाँदी लाइनमा रहेको नगरपालिकाको जमिनमा बसोबास गरेका परिवारलाई पहिलो हकदार बनाइएको थियो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद तिम्सिनाका अनुसार तीन नमूना बस्तीको घरको संरचना आर्कषकसँगै व्यवस्थित रुपले तयार गरिएको छ।

एक तले पक्की ती घरको छानोमा निलो रङको जस्तापाता लगाइएको छ। प्रत्येक घरमा विद्युत् र खानेपानी र सानो फूलबारी समेत रहने प्रबन्ध छ। प्रत्येक घरमा आधुनिक तरिकाले बनाइएका दुई कोठा छन्। यसैसँग जोडिएको एउटा भान्छा कोठा छ। प्रत्येक घरमा मार्बल हालेर बनाइएको शौचालय-स्नान कक्ष जस्तै आवश्यक पूर्वाधार निर्माण गरिएको छ। कूल तीन करोड ७० लाख रुपैयाँमा बस्ती निर्माण गरिएको हो। यसमा तीनै तहका सरकारको लागत सहभागिता छ।

बस्ती निर्माणमा संघीय सरकारको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको एक करोड ४० लाख रुपैयाँ, प्रदेश सरकारको एक करोड ३० लाख रुपैयाँ र दमक नगरपालिकाको एक करोड रुपैयाँ खर्च भएको नगर उपप्रमुख तथा प्रवक्ता गीता अधिकारीले जानकारी दिइन्।

यसवर्ष फेरि सोही नमूना बस्ती नजिकै वडा नं. ७ मा सोही प्रकृतिका दोस्रो नमूनाबस्तीमा १५ घर बनाइएको र ती पनि यस्तै विपन्न नागरिकलाई बसाउने स्थानीय सरकारको योजना छ। ती घर पनि यसै वर्ष नगरका भूमिहीनलाई हस्तान्तरण गरिने योजना रहेको वडाध्यक्ष भीम पौडेलले बताए। नमूनाबस्ती घर संघीय निर्वाचन साझेदारी कार्यक्रम र दमक नगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको हो। साझेदारी कार्याक्रम अन्तर्गत १५ घर बनाउन कूल एक करोड ९२ लाख रुपैयाँ विनियोजन गरिएको थियो जस अनुसार प्रति घर १२ लाख ८६ हजार रुपैयाँको लागत रहेको बताइएको छ।

यसैबीच दुई वर्षअघि आगोले जलेर मृत्यु भएकी आर्थिक रुपमा विपन्न झापा, कमल गाउँपालिका-६ की कूलमाया बस्नेतको परिवारलाई स्थानीयबासीको सक्रियतामा घर निर्माण शुरु गरिएको छ। कूलमायालाई बचाउन गठन गरिएको अभियान समितिलाई नै हाल घर निर्माण समितिमा रुपान्तरण गर्दै स्थानीयबासीले कूलमायाको परिवारलाई घर बनाइदिने भएका हुन्।

सोका लागि हुकुमसिंह राईको नेतृत्वमा नौ सदस्यीय समिति पुर्नगठन गरी त्यसै अनुसार घरनिर्माणको काम थालिएको समितिका सदस्य हर्क राईले जानकारी दिए। वर्षौंदेखि अर्काको जमीन रेखदेखका लागि बसेका र घरबारविहीन अवस्थाका कूलमायाका परिवारलाई बसोबास गराउन सो ठाउँको आँपडाँडामा आवासको व्यवस्था मिलाउने गरी घर निर्माण थालिएको समितिले जनाएको छ।

समितिका संयोजक राईका अनुसार नेपाल परिवारबाट बस्नेत परिवारलाई १० धुर जग्गा उपलब्ध गराइएको छ। सोही जग्गामा समितिको सक्रियतामा सहयोग जुटाएर स्वर्गीय कूलमायाका बुबा देवीबहादुर, छोरा विदुरसहितको परिवारको बसोबासका लागि चार कोठाको घर बनाउन शुरु गरिएको संयोजक राईले बताए। समितिले सबैको सहयोगमा घर निर्माण सम्पन्न गरेर बस्नेत परिवारलाई हस्तान्तरण गर्ने योजना रहेको जनाएको छ।

कूलमाया बचाउका लागि दाताबाट दुई वर्षअघि नै जुटाइएको करिब तीन लाख ५० हजार रुपैयाँ बैंक मौज्जाद छ। सो रकमको ब्याजबापतको रकम निकालेर यसअघि देवीबहादुरका छोरा विदुरको उपचारका लागि दिइएको र घर निर्माण अन्य दाताबाटै पूरा गरी बस्नेत परिवारको जीविकोपार्जनका लागि सो रकम समेत हस्तान्तरण गरिने संयोजक राईले बताए।

# अवार्डका लागि १२ खेलाडीको मनोनयन




**बिर्तामोड, फागुन १०।** नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) जिल्ला समन्वय शाखा झापाले 'झापा स्पोर्टस् अवार्ड २०७६' मनोनयनमा परेका खेलाडीहरुको नाम सार्वजनिक गरेको छ।

बिर्तामोडमा पत्रकार सम्मेलन गरेर अवार्डको चौथो संस्करणको मनोनयनमा परेका चार विधाका खेलाडीहरुको नाम सार्वजनिक गरेको हो। 'झापा स्पोर्टस् अवार्ड' चौथो संस्करणका लागि विभिन्न चार विधामा प्रत्येक विधामा तीन-तीन जना र दुई विधामा छनौट समितिले खेलाडीको लोकप्रियताको आधारमा एक-एक जना सिधै छनौट गरेको खेलाडी छनौट समितिका संयोजक सचित आनन्द सुब्बाले जानकारी दिए।

वर्ष उत्कृष्ट खेलाडी (पुरुष)मा अनन्त तामाङ (फुटबल), सेसेहाङ आङदेम्बे (फुटबल) र छिरिङ गुरुङ (फुटबल), वर्ष उत्कृष्ट खेलाडी (महिला)मा जुनी राई (उसु), देविका खड्का (जुडो), कमला श्रेष्ठ (फेन्सिङ) रहेका छन्। त्यस्तै, वर्ष उत्कृष्ट खेलाडी (युवा) मा रेजिन सुब्बा (फुटबल), मनिता श्रेष्ठ प्रधान (जुडो), अनुजा कुलुङ राई (कबड्डी) र वर्ष उत्कृष्ट प्रशिक्षकमा प्रवेश कटवाल (फुटबल), मदन उप्रेती (कराते), वोङदेन लामा (पौडी) रहेका छन्।

वर्ष खेलाडी (पुरुष)लाई एकथान मोटरसाइकल, वर्ष खेलाडी (महिला)लाई एक थान स्कुटर, वर्ष खेलाडी (युवा)लाई नगद २५ हजार, वर्ष उत्कृष्ट प्रशिक्षकलाई नगद २५ हजार र ट्रफी प्रदान गरिने मञ्चका अध्यक्ष हिमाल खरेलले जानकारी दिए। त्यस्तै, पिपुल्स च्वाइज अन्तर्गत एक खेलाडीलाई नगद २५ हजार र लाइफ टाइम्स अचिभमेन्ट अवार्डस्वरुप एक जनालाई नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ। साथै, यो वर्ष दुई जनालाई नगद २५ हजारसहित स्पेसल अचिभमेन्ट अवार्ड प्रदान गरिने मञ्चले जनाएको छ।

'झापा स्पोर्टस् अवार्ड' को चौथो संस्करण यही फागुन २८ गते शुक्रबार बिर्तामोडको बिर्तामोड सिटी सेन्टरस्थित साई पार्टी प्यालेसमा हुने अध्यक्ष खरेलले जानकारी दिए। अवार्डमा २०७६ सालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त साविक मेची अञ्चलका झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका खेलाडी र प्रशिक्षकलाई मञ्चले सहभागी गराउँदै आएको उनले बताए।

# ५२ जनाले गरे रक्तदान



**बिर्तामोड, फागुन १०।** युनाइटेड रिभर साइड युथ फाउण्डेसन बिर्तामोड-४ को आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान जीवनदान भन्ने नाराका साथ भएको रक्तदान कार्यक्रममा चार जना महिलासहित ५२ जनाले रक्तदान गरेको संस्थाका महासचिव रेवती खनालले जानकारी दिए।

नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रमको उद्घाटन संस्थापक अध्यक्ष बलभद्र प्रसाईंले गरेका थिए। संस्थाका अध्यक्ष ओमबहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव रेवती खनालले गरेका थिए।

# तोकबहादुरलाई सहयोग



**बिर्तामोड, फागुन १०।** मेचीनगर-६, काँकरभिट्टा केन्द्रीय कार्यालय रहेको नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी)ले शेयर सदस्यलाई सहयोग प्रदान गरेको छ।

एनएमसी सहकारीको बिर्तामोड-१० सैनिकबजार शाखा अन्तर्गत शेयर सदस्य तोकबहादुर गुरुङको घरमा पुगेर दीर्घरोग उपचार राहत २५ हजार रुपैयाँ प्रदान गरिएको हो। सहकारीको सैनिकबजार कार्यालयगत उपसमिति संयोजक मनु मुखिया, इकाई संयोजक रत्नबहादुर बस्नेत, कार्यालय प्रमुख विशाल ढुंगाना, सदस्य ओमबहादुर गुरुङ, बजार प्रतिनिधिहरु चन्द्रबहादुर राई, निशा लिम्बू लगायतको टोलीले फोक्सोमा ट्युमर भई उपचाररत् गुरुङलाई उक्त राहत रकम हस्तान्तरण गरेको थियो।

संस्थाका उपसमिति संयोजक मुखियाले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन कार्यालय प्रमुख ढुंगानाले गरेका थिए।

# आदर्श माविको ६१औं वार्षिकोत्सव

**बुद्धशान्ति, फागुन १०।** बुद्धशान्ति-२, जयपुरस्थित आदर्श माध्यमिक विद्यालयको ६१औं वार्षिकोत्सव सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद सुवेदीको अध्यक्षता तथा विद्यालयका संस्थापक सदस्य मेघनाथ ढकालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा विद्यालयमा स्थापना गरिएको अक्षयकोषका दाताले विद्यार्थीलाई विभिन्न विधामा पुरस्कृत गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि ढकालले ५१ हजार रुपैयाँ विद्यालयलाई सहयोग गरेका थिए भने भू.पू. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पूर्व सदस्य अनन्त नारायण श्रेष्ठले १० हजार रुपैयाँको अक्षयकोष स्थापनाको घोषणा गरेका थिए।

कार्यक्रममा देवीप्रसाद-फूलमाया स्मृति अक्षयकोषका तर्फबाट संस्थापक परिवारका सदस्य तथा बुद्धशान्ति-३ का वडाध्यक्ष कमल उप्रेतीले विद्यालयका पूर्व प्रअ भीमप्रसाद निरौला तथा वर्तमान प्रअ करुणकुमार पराजुलीलाई दोसल्ला र टोपीले सम्मान गरेका थिए।

कार्यक्रममा विद्यालयका प्रअ पराजुलीले वार्षिक प्रगति विवरण प्रस्तुत गरेको कार्यक्रममा स्वागत शिक्षक प्रतिनिधि हरिभक्त दाहालले गरेका थिए। विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक हरिप्रसाद पोखरेलले गरेका थिए।


## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला




हिन्दी चलचित्र
Chakra-ka-rakshak
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## दूध डेरी तथा किराना पसल बिक्रीमा

बिर्तामोड-१ स्थित चालू अवस्थामा रहेको दूध डेरी तथा किराना पसल बिक्रीमा रहेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्कः
९८०८८६६९९१, ९८१६०८२९५५

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## तीन पाउ भूमि दिंदा बली राजा अमर भए
## ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए
## भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौं। उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ। श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |

सहयोगको सुविधाका लागि
श्री अर्जुनधारा जलेश्वरधाम
अर्जुनधारा नगरपालिका-७, झापा
सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)
९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव

एक्सेल डेभलपमेन्ट बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 00700200038334000002
राष्ट्रिय वाणिज्य बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 262000447810(S4478)
अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिलाः १० जना पुरुषः २० जना
तलबः आपसी समझदारीमा
कार्यक्षेत्रः झापा जिल्लाभर

पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** खानपानको असावधानीले स्वास्थ्यलाई हानी गर्न सक्छ। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** काम बिग्रने भयले पनि सताउनेछ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्न सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ। कमजोरीका बेला कामको चाप भने बढ्न सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। उपहारले काममा उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। कामबाट आम्दानी भइरहनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** परिवारजनको साथले उत्साह जगाउनेछ। व्यवसायमा पनि फाइदै हुनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। परिबन्धले केही समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मौका पर्खंदा स्थितिमा सुधार आउनेछ। मेहनतले आँटेको काम बन्नेछ। आलोचकहरूलाई व्यवहारले समेट्नुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसर प्राप्त भए पनि परिस्थिति सबै पक्षमा अनुकूल देखिन्न। स्वास्थ्यमा कमजोरी र काम रोकिने समस्याले सताउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हल्लाको पछि नलागी कर्मयोगमा जुट्नुहोला। प्रयत्न गरेका काम बिस्तारै सम्पादन हुनेछन्। शुभचिन्तकहरूले साथ दिनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन्। अध्ययनमा समय दिन नसके पनि प्रतिभाको कदर हुनेछ।